(छ) निजामती सेवा नियमावली, २०५० को नियम ११६क. बमोजिम अञ्चलभित्रका जिल्ला र स्थानीयस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुलाई पुरस्कृत गर्नको लागि सम्बन्धित मन्त्रालयमा सिफारिस पठाउने,

(ज) निजामती सेवा ऐन, २०४९ को दफा ५४ र निजामती सेवा नियमावली, २०५० को नियम ११८ बमोजिम अञ्चलभित्रका जिल्लास्तर र स्थानीयस्तरका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुको सम्पत्ति विवरण पेश गरे नगरेको अनुगमन गरी सम्बन्धित निकायमा पठाउने ।

३. प्रमुख जिल्ला अधिकारी

निजामती सेवा नियमावली, २०५० को नियम ६५ बमोजिम विभागीय प्रमुख बाहेक जिल्लास्तरीय कार्यालय प्रमुखहरुको एक पटकमा ७ दिनमा नबढाई घर विदा र विरामी विदा स्वीकृत गर्ने ।

४. खारेजी:

खण्ड ५३, अतिरिक्ताङ्क १५(घ), मिति २०६० साल असार ३० गतेको नेपाल राजपत्र भाग ३ मा प्रकाशित श्री ५ को सरकार, गृह मन्त्रालयको सूचना अनुसार निजामती सेवा ऐन, २०४९ र निजामती सेवा नियमावली, २०५० अन्तर्गतका प्रत्यायोजित अधिकारहरु खारेज गरिएका छन् ।

आज्ञाले,
माधव प्रसाद घिमिरे
श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग

१६८२